आज मिति २०७९ साल आषाढ १० गते शुक्रबारका दिन भीरकोट नगरपालिकाका नगर प्रमुख श्री गोविन्द कुमार कर्माचार्यज्यूको अध्यक्षतामा बसेको **दशौं** नगर सभाको उपस्थिती देहाय बमोजिम रहेको छ ।

उपस्थिती

| सि.न. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| २ | श्री भगवती रेग्मी अर्याल | नगर उपप्रमुख | |
| ३ | श्री खुमलाल भुसाल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री दिपेन्द्र के.सी. | १ नं वडा अध्यक्ष | |
| ५ | श्री श्यामकाजी अधिकारी | २ नं वडा अध्यक्ष | |
| ६ | श्री केश बहादुर खड्का | ३ नं वडा अध्यक्ष | |
| ७ | श्री रत्न प्रकाश श्रेष्ठ | ४ नं वडा अध्यक्ष | |
| ८ | श्री कृष्ण बहादुर थापा | ५ नं वडा अध्यक्ष | |
| ९ | श्री लक्ष्मण खत्री क्षी | ६ नं वडा अध्यक्ष | |
| १० | श्री तारा प्रसाद अर्याल | ७ नं वडा अध्यक्ष | |
| ११ | श्री नन्द लाल खनाल | ८ नं वडा अध्यक्ष | |
| १२ | श्री भीम बहादुर गुरुङ्ग | ९ नं वडा अध्यक्ष | |
| १३ | श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| १४ | श्री गंगा बहादुर जि.टी. | कार्यपालिका सदस्य | |
| १५ | श्री विष्णु माझी | कार्यपालिका सदस्य | |
| १६ | श्री विन्दु खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री एक माया घर्ती थापा | कार्यपालिका सदस्य | |
| १८ | श्री पार्वती के.सी | कार्यपालिका सदस्य | |
| १९ | श्री ओम कुमारी कोइराला | कार्यपालिका सदस्य | |

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| २० | श्री खै सरा वि.क. | कार्यपालिका सदस्य | |
| २१ | निर्मला के.सी | वडा सदस्य | निर्मला |
| २२ | सविता सिं विश्वकर्मा | वडा सदस्य | |
| २३ | खुम बहादुर खाँण | वडा सदस्य | |
| २४ | मोहमद मिया | वडा सदस्य | |
| २५ | सुनिता दर्जी | वडा सदस्य | सुनीता |
| २६ | इन्द्र बहादुर खाँण | वडा सदस्य | |
| २७ | खड्ग बहादुर महत क्षेत्री | वडा सदस्य | |
| २८ | गुमानधोज राना | वडा सदस्य | Guman R |
| २९ | प्रेम बहादुर राना | वडा सदस्य | |
| ३० | विष्णु सार्की | वडा सदस्य | विष्णु |
| ३१ | याम बहादुर राना | वडा सदस्य | |
| ३२ | प्रेमा सुनार | वडा सदस्य | |
| ३३ | रुद्र ढुंगाना | वडा सदस्य | |
| ३४ | मन्जु के.सी.थापा | वडा सदस्य | |
| ३५ | टिकिमाया सार्की | वडा सदस्य | टिकी माया |
| ३६ | डम्मर प्रसाद अर्याल | वडा सदस्य | |
| ३७ | शेषकान्त तिवारी | वडा सदस्य | |
| ३८ | तुल बहादुर रोकाहा | वडा सदस्य | |
| ३९ | गिता वि.क. | वडा सदस्य | गीता |
| ४० | अशोक बहादुर खत्री | वडा सदस्य | |
| ४१ | देव प्रसाद अर्याल | वडा सदस्य | |

शोभित कुमार कर्माचार्य
नगर प्रमुख

CamScanner

| | | | |
|---|---|---|---|
| ४२ | पूर्ण बहादुर गुरुङ | वडा सवस्य | |
| ४३ | हिरा गोदार | वडा सदस्य | |
| ४४ | धन माया वि.क. | वडा सदस्य | |
| ४५ | सिता खत्री क्षेत्री | वडा सदस्य | |
| ४६ | गिता कुमारी नेपाली | वडा सदस्य | |
| ४७ | मन बहादुर सार्की | वडा सदस्य | |
| ४८ | इन्द्र बहादुर गुरुङ्ग | वडा सदस्य | |
| ४९ | शुशिला गुरुङ्ग | वडा सदस्य | |
| ५० | ललित वहादुर गुरुङ्ग | वडा सदस्य | |
| ५१ | गुप्त वहादुर वि.क | वडा सदस्य | |

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख

दशौं नगरसभाका निर्णयहरू

निर्णय नं. १

भीरकोट नगरपालिकाको आर्थिक विधेयक, २०७९ र विनियोजन विधेयक, २०७९ स्वीकृत गर्ने ।

निर्णय नं. २

नगर उपप्रमुख श्री भगवती रेग्मी अर्यालले नगर सभामा प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७९।८० को बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।

निर्णय नं. ३

चालु आर्थिक वर्ष २०७८।७९ मा विभिन्न मितिमा बसेको कार्यपालिका बैठकबाट भएका निर्णयहरू र चालु आर्थिक वर्ष २०७८।७९ मा नगर प्रमुखज्यूको तोक आदेशबाट कार्यान्वयन भएका योजना तथा कार्यक्रमहरूमा भएको भुक्तानी एवम् वितरण गरिएका शौचालय सामग्री सहितका अन्य निर्माणजन्य सामग्री खरिद समेतमा भएको हालसम्मको खर्चलाई अनुमोदन गर्ने ।

निर्णय नं. ४

आर्थिक वर्ष २०७८।७९ को लागि नगरसभाबाट पारित वडास्तरीय योजनामध्ये केही योजनाहरू वडा समितिको निर्णय अनुसार संशोधन गरी कार्यान्वयन गरिएकोमा संशोधित योजना तथा कार्यक्रमहरुलाई अनुमोदन गर्ने ।

निर्णय नं. ५

आर्थिक वर्ष २०७८।७९ मा यस नगरपालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरूमध्ये कार्यसम्पादनस्तर सन्तोषजनक देखिएको कर्मचारीहरुको आगामी आर्थिक वर्ष २०७९।८० को लागि नियमानुसार सेवा करारको म्याद थप गर्ने ।

निर्णय नं. ६

यस नगरपालिका अन्तर्गत बस्तीस्तरबाट योजना संकलन गरी वडा कार्यालय, विषयगत समिति हुँदै नगर सभामा पेश भएका योजनाहरुमध्ये नगरपालिकाबाट रकम विनियोजन हुन नसकेका योजनाहरुको योजना बैंक तयार गरी कार्यान्वयनको लागि प्रदेश सरकार र संघीय सरकारसँग अनुरोध/सिफारिस गर्ने ।

निर्णय नं. ७

संविधानको धारा २१७ मा व्यवस्था भए अनुसार देहाय बमोजिम संयोजक तथा सदस्यहरू रहने गरी न्यायिक समिति गठन गर्ने ।

देहाय:

१. नगर उपप्रमुख श्री भगवती रेग्मी अर्याल - संयोजक
२. वडाध्यक्ष श्री श्यामकाजी अधिकारी - सदस्य
३. वडाध्यक्ष श्री नन्दलाल खनाल - सदस्य

निर्णय नं. ८

भीरकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट आर्थिक वर्ष २०७७।७८ को विनियोजन, राजस्व धरौटी तथा जिन्सी लेखासँग सम्बन्धित स्रेस्ता तथा कागजातहरूको महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण सम्पन्न भई देहायमा उल्लिखित बेरुजुलाई नियमित गर्नुपर्ने भनी औंल्याइएका र उक्त बेरुजुहरूको सन्दर्भमा आर्थिक कारोबार गर्दा सामान्य प्रक्रियागत त्रुटीसम्म भएको, प्रचलित कानून बमोजिम पुन्याउनु पर्ने रीत नपुगेको तर सरकारी नगदी जिन्सीको हानी नोक्सानी हिनामिना तथा मस्यौट नभएको हुँदा लेखा समितिको मिति २०७९।०३।०६ गते बसेको बैठकको निर्णय तथा सिफारिस एवम् नगर कार्यपालिकाको मिति २०७९।०३।०८ गतेको बैठकको सिफारिस बमोजिम देहाय बमोजिमको रू. १,००,८१,८४८।०० (अक्षेरुपी एक करोड एकासी हजार आठ सय अट्चालिस रुपैयाँ) बेरुजु नियमित गर्ने ।

| सि.नं. | आ.व. | बेरुजु दफा नं. | बेरुजुको संक्षिप्त व्यहोरा | नियमित गर्नुपर्ने बेरुजु रकम रू. | पुष्ट्याई |
|---|---|---|---|---|---|
| १ | २०७७।७८ | १८ | कार्यक्रम कार्यान्वयन प्रक्रियामा भएको व्यवस्थाभन्दा बढी अनुदान निकासा दिएको रकमले संघीय सरकारलाई थप व्ययभार परेको | ३,९७,६६२।०० | कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम कार्यान्वयन गर्दा निर्देशिकामा उल्लेख भएको भन्दा थप कक्षाको लागि स्वअध्ययन सामग्री खरिद गरी वितरण गरिएको र सो सन्दर्भमा आर्थिक कारोबार गर्दा सामान्य प्रक्रियागत त्रुटीसम्म भएको, प्रचलित कानून बमोजिम पुन्याउनु पर्ने रीत नपुगेको तर सरकारी नगदी जिन्सीको हानी नोक्सानी, हिनामिना तथा मस्यौट नभएको हुँदा एक पटकको लागि उक्त बेरुजु नियमित गर्नुपर्ने । |
| २ | २०७७।७८ | ४५ | स्वीकृत दरबन्दी बेगर वडा कार्यालयमा सहायक कम्प्युटर अपरेटर भर्ना गरी तलब भत्ता तथा अन्य सुविधा बापत भुक्तानी भएको रकम अनियमित देखिएको । | २५,९३,८९०।०० | नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका ९ वटै वडा कार्यालयमा कार्यरत वडा सचिवले मात्र वडाको सबै काम गर्न नभ्याउने तथा सेवा प्रवाहसंग सम्बन्धित सबै कामहरू सूचना प्रविधिमैत्री भएकोले सोही अनुरूप कार्यसम्पादन र सेवा प्रवाह गर्ने उद्देश्यले करार सेवामा सहायक कम्प्युटर अपरेटर भर्ना गरिएको । साविकमा उल्लिखित कर्मचारी भर्ना गर्दा दरबन्दी स्वीकृत नभएकोमा मिति २०७८ असार ९, १० र ११ गते सम्पन्न नगरपालिकाको आठौं नगरसभाबाट वडा कार्यालयमा १/१ जना सहायक कम्प्युटर अपरेटरको दरबन्दी रहने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन समेत स्वीकृत भईसकेको तथा उल्लिखित सन्दर्भमा कर्मचारी भर्ना गर्दा सामान्य प्रक्रियागत त्रुटीसम्म भएको, प्रचलित कानून बमोजिम पुन्याउनु पर्ने रीत नपुगेको तर सरकारी नगदी जिन्सीको हानी नोक्सानी, हिनामिना तथा मस्यौट नभएको हुँदा एक पटकको लागि उक्त बेरुजु नियमित गर्नुपर्ने । |
| ३ | २०७७।७८ | ४७ | सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम लागत अनुमान तयार नगरी सम्झौता गरी भुक्तानी भएको रकम अनियमित देखिएको । | २९,३९,८८०।०० | सार्वजिनक खरिद कानुन बमोजिम लागत अनुमान तयार गरी खरिद सम्झौता गरी भुक्तानी गर्नुपर्नेमा सो बेगर भुक्तानी गरिएकोले परामर्श सेवा खरिद गर्दा सामान्य प्रक्रियागत त्रुटीसम्म भएको, प्रचलित कानून बमोजिम पुन्याउनु पर्ने रीत नपुगेको तर सरकारी नगदी जिन्सीको हानी नोक्सानी, हिनामिना तथा मस्यौट नभएको र आगामी दिनमा यस प्रकारको खरिदमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रचलित खरिद कानुनको पूर्ण परिपालना गरी खरिद गरिने हुँदा एक पटकको लागि उक्त बेरुजु नियमित गर्नुपर्ने । |
| ४ | २०७७।७८ | ४८ | स्वीकृत कार्यक्रमभन्दा फरक कार्यका लागि खर्च गरेको रकम अनियमित देखिएको । | ७,७४,४००।०० | प्रस्तुत सन्दर्भमा आर्थिक कारोबार गर्दा सामान्य प्रक्रियागत त्रुटीसम्म भएको प्रचलित कानुन बमोजिम पुन्याउनु पर्ने रीत नपुगेको तर सरकारी नगदी जिन्सीको हानी नोक्सानी, हिनामिना तथा मस्यौट नभएको र आगामी दिनमा यस प्रकारको खरिदमा प्रचलित खरिद कानुनको पूर्ण परिपालना गरी खरिद गरिने हुँदा एक पटकको लागि उक्त बेरुजु नियमित गर्नुपर्ने । |
| ५ | २०७७।७८ | ५३ | सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको व्यवस्था प्रतिकुल हुने गरी लाभग्राही समुदायमार्फत आफ्नै भवन निर्माण कार्य गराउनु अनियमित देखिएको | ९,८०,०००।०० | प्रस्तुत सन्दर्भमा आर्थिक कारोबार गर्दा सामान्य प्रक्रियागत त्रुटीसम्म भएको प्रचलित कानुन बमोजिम पुन्याउनु पर्ने रीत नपुगेको तर सरकारी नगदी जिन्सीको हानी नोक्सानी, हिनामिना तथा मस्यौट नभएको र आगामी दिनमा यस प्रकारको खरिदमा प्रचलित खरिद कानुनको पूर्ण परिपालना गरी खरिद गरिने हुँदा एक पटकको लागि उक्त बेरुजु नियमित गर्नुपर्ने । |
| ६ | २०७७।७८ | ५५ | पालिकाले खरिद कार्य गर्दा प्रतिस्पर्धा हुने गरी नियमानुसार सिलबन्दी दरभाउपत्र वा बोलपत्रमार्फत खरिद गर्नुपर्नेमा सोझै खरिद गरेकोले उक्त रकम अनियमित देखिएको । | २२,५९,३९५।०० | सार्वजनिक खरिद कानुन बमोजिमको प्रक्रिया पुरा गरी खरिद गर्नुपर्नेमा सो नगरिएकोले आर्थिक कारोबार गर्दा सामान्य प्रक्रियागत त्रुटीसम्म भएको, प्रचलित कानुन बमोजिम पुन्याउनु पर्ने रीत नपुगेको तर सरकारी नगदी जिन्सीको हानी नोक्सानी, हिनामिना तथा मस्यौट नभएको र आगामी दिनमा यस प्रकारको खरिदमा प्रचलित खरिद कानुनको पूर्ण परिपालना गरी खरिद गरिने हुँदा एक पटकको लागि उक्त बेरुजु नियमित गर्नुपर्ने। |
| ७ | २०७७।७८ | ५६ | नियम विपरित अमानतबाट काम गराएको रकम अनियमित देखिएको | ५,१०,०००।०० | सार्वजनिक खरिद कानुन बमोजिमको प्रक्रिया पुरा गरी खरिद गर्नुपर्नेमा सो नगरिएकोले आर्थिक कारोबार गर्दा सामान्य प्रक्रियागत त्रुटीसम्म भएको, प्रचलित कानुन बमोजिम पुन्याउनु पर्ने रीत नपुगेको तर सरकारी नगदी जिन्सीको हानी नोक्सानी, हिनामिना तथा मस्यौट नभएको र आगामी दिनमा यस प्रकारको खरिदमा प्रचलित खरिद कानुनको पूर्ण परिपालना गरी खरिद गरिने हुँदा एक पटकको लागि उक्त बेरुजु नियमित गर्नुपर्ने। |
| ८ | २०७७।७८ | ८१ | सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम लागत अनुमान तयार नगरी भुक्तानी भएको रकम अनियमित देखिएको । | २,२६,६२१।०० | सार्वजनिक खरिद कानुन बमोजिमको प्रक्रिया पुरा गरी खरिद गर्नुपर्नेमा सो नगरिएकोले आर्थिक कारोबार गर्दा सामान्य प्रक्रियागत त्रुटीसम्म भएको, प्रचलित कानुन बमोजिम पुन्याउनु पर्ने रीत नपुगेको तर सरकारी नगदी जिन्सीको हानी नोक्सानी, हिनामिना तथा मस्यौट नभएको र आगामी दिनमा यस प्रकारको खरिदमा प्रचलित खरिद कानुनको पूर्ण परिपालना गरी खरिद गरिने हुँदा एक पटकको लागि उक्त बेरुजु नियमित गर्नुपर्ने। |
| कुल जम्मा | | | | १,००,८१,८४८।०० | |

निर्णय नं ९

स्थानीय सेवाका कर्मचारीहरुको बढुवा/स्तरवृद्धी गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन७ २०७८ बमोजिम मिति २०७८/०४/०१ गतेदेखि लागू हुने गरी साविकको स्थानीय निकाय तथा घरेलु तथा साना उद्योग विकास समितिमा भर्ना भई यस नगरपालिकामा समायोजन भएका कर्मचारीहरुको बढुवा गरिएकोमा उक्त ऐन अनुसार गरेका काम कारवाही प्रदेश लोक सेवा ऐन, २०७६ को दफा ४३ अनुसार बदर गरिएको भनी प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश पोखराको चलानी नं २८६ मिति २०७९/०२/२६ मा पत्र प्राप्त भएको छ । उल्लिखित सन्दर्भमा कर्मचारीको सेवा, शर्त सम्बन्धी कानून बनाउँदा तथा नियुक्ती, बढुवा तथा विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सिद्धान्तको विषयमा स्थानीय तहलाई परामर्श दिने भूमिकामा रहेको प्रदेश लोक सेवा आयोगले गरेको निर्णयको शीघ्र कार्यान्वयन गर्नुपर्ने हुन्छ । अतः साविकमा स्थानीय सेवाका कर्मचारीहरुको बढुवा/स्तरवृद्धी गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ बनाउँदा प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश पोखरासँग परामर्श लिनुपर्ने कानूनी व्यवस्था रहेकोमा परामर्श नलिई कानून बनाई सो बमोजिम भएको बढुवा/स्तरवृद्धी गरेको निर्णय बदर गर्ने प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेश पोखराको निर्णय तत्काल कार्यान्वयन गरी जानकारी पठाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

सदर

कुमार कर्माचार्य
नगर प्रमुख